

पछाडिको भाग र थुन वरिपरि गिर्खा देखिएको

## फार्मको सुरक्षा कसरी गर्ने ?

१. खोप लगाएर– प्रभावकारी खोप लगाएको तीन हप्ता भित्रमा रोग विरुद्ध पूर्ण सुरक्षा प्राप्त हुन्छ।
- संक्रमित हुनु अघि नै गाईभैंसीलाई खोप लगाउनु पर्छ।
- खोपले कहिलेकाहीँ केही गाईभैंसीमा निम्न अनुसारका प्रतिक्रियाहरु देखाउन सक्छः
  - खोप लगाएको ठाउँमा हलुका सुन्निन्छ, जुन १–२ हप्ता भित्रमा आफै हराएर जान्छ।
  - छोटो समयको लागि ज्वरो आउनुका साथै केही दिन दूध उत्पादन घट्न सक्दछ।
  - शरीर वा थुनमा साना गिर्खाहरु देखिन सक्छ जुन छिट्टै हराउँदछन्।

२. विश्वसनीय स्रोतहरुबाट गाईभैंसी खरिद गर्नुपर्दछ। गाईभैंसी खरिद गरी ल्याएमा २८ दिनसम्म बथानबाट अलग्गै राख्नुपर्दछ। रोगको प्रकोपको समय रोग लागेको ठाउँबाट गाईभैंसी ल्याउनु हुँदैन।

३. गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्न सरसफाइमा ध्यान दिनुपर्दछ र आवश्यकता अनुसार उपयुक्त कीट विकर्षकको प्रयोग गर्नुपर्दछ।

४. गोठ वरिपरि पानी जम्न दिनु हुँदैन।

५. फार्ममा जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्दछ।


*थप जानकारीका लागि*


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
**सार्क-आर.एस.यु.**
**SAARC - R.S.U. (Regional Support Unit)**
त्रिपुरेश्वर, काठमाडौं, फोन/फ्याक्सः ०१ ४२६४६२२
ईमेलः saarcrsu@gmail.com, वेबसाइटः www.saarcrsu.gov.np



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
सार्क-आर.एस.यु.
SAARC - R.S.U. (Regional Support Unit)


# लम्पी स्किन रोगबारे जानकारी



**किसानको लागि**